# त्रिपिटक : एक चिनारी

Ratna
25th Feb 2000

अमिता धाख्वा "परियत्ति सद्धम्म कोविद"

Dhamma.Digital

**प्रकाशक**
पवित्रबहादुर वज्राचार्य
अशोकरत्न वज्राचार्य
हीरादेवी वज्राचार्य
वीर-पूर्ण पुस्तक संग्रहालय
गा:बहाल, ललितपुर, नेपाल
फोन नं. ५३३३२६

Downloaded from http://dhamma.digital

# त्रिपिटक : एक चिनारी

अमिता धाख्वा *"परियत्ति सद्धम्म कोविद"*

**प्रकाशक**
पवित्रबहादुर वज्राचार्य
अशोकरत्न वज्राचार्य
हीरादेवी वज्राचार्य
वीर-पूर्ण पुस्तक संग्रहालय
गा:बहाल, ललितपुर, नेपाल
फोन नं. ५३३३२६

Downloaded from http://dhamma.digital

**प्रकाशक**
**पवित्रबहादुर वज्राचार्य**
**अशोकरत्न वज्राचार्य**
**हीरादेवी वज्राचार्य**
वीर-पूर्ण पुस्तक संग्रहालय
गा:बहाल, ललितपुर, नेपाल
फोन नं. ५३३३२६

| | | |
|---|---|---|
| बुद्ध संवत् | : | २५४३ |
| नेपाल संवत् | : | ११२० |
| विक्रम संवत् | : | २०५६ |
| ईस्वी संवत् | : | २००० |

कम्प्यूटर सेटिङ्ग : **धर्मरत्न शाक्य**
**न्याखाचोक, तंचाको, यल ।**
**फोन नं. ५३४६८२**

Downloaded from http://dhamma.digital

नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# त्रिपिटक : एक चिनारी

भगवान् बुद्धले बहुजन हित र सुखको लागि बुद्धत्व प्राप्त गर्नुभएदेखि महापरिनिर्वाण नहुञ्जेल ४५ वर्षसम्म दिनुभएको उपदेशहरूको संग्रह पालि त्रिपिटकमा भएको देखिन्छ । सद्धर्म चिरस्थायी गर्नको निमित्त उहिलेका बुद्धकालीन आचार्यहरू देखि अहिलेसम्मका आचार्यहरूले धर्म वाणीको सुव्यवस्थित रूपमा सही रूपले स्वभाविक, मौलिक अर्थ कायम हुने गरी अविच्छिन्न रूपमा सुरक्षित गर्दै आएको बुद्धवचनको संग्रह नै त्रिपिटक हो । त्रिपिटक ग्रन्थहरूमा मूल एवं प्रमाणिक बुद्धवचनहरू सुरक्षित छन् । बुद्धवचन सुत्तपिटक विनयपिटक र अभिधम्मपिटक तीन भागमा विभाजित गरिएकोले नै 'त्रिपिटक' भनिएको हो । पिटक भनेको टोकरी (डालो) या धर्म साहित्य हो । बुद्धशासनमा परियत्ति, पटिपत्ति र पटिवेध तीन भागमध्ये त्रिपिटक भनेको परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको (अध्ययन अध्यापन तथा) सैद्धान्तिक पक्ष हो भन्ने पटिपत्ति भनेको व्यावहारिक तथा प्रयोगात्मक पक्ष हो । अनि प्रटिवेध भनेको शुद्धधर्मको अभ्यासबाट प्राप्त हुने मार्ग, फल र निर्वाण हो । परियत्ति शासन रहेन भन्ने पटिपत्ति शासन रहन्दैन । त्यस्तै पटिपत्ति शासन रहेन भने पटिवेध शासन रहन्दैन । त्यसकारण बुद्धशासनको महत्वपूर्ण आधारशीला भएको परियत्ति अर्थात् बुद्धवचन शुद्ध रूपमा सुरक्षित राख्नको लागि अहिलैसम्म जम्मा छवटा संगायन भइसकेका छन् । यससम्बन्धी केही उल्लेख गर्नु उपयुक्त देखिन्छ ।

Downloaded from http://dhamma.digital

**ऐतिहासिक पृष्ठभूमिः** – भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको लगतै तीन महिनापछि ४८३ ईसा पूर्व मगधका राजा अजातशत्रु (४९१-४५९ इ.पु.) को संरक्षणमा भिक्षु महाकाश्यप महास्थविरको नेतृत्वमा पाँचसय अर्हत् भिक्षुहरूको समागममा राजगृहको सप्तपर्णि गुफामा ७ महिना लगाएर सम्पूर्ण बुद्धवचन-धर्म र विनयको संग्रह प्रथम संगायनमा गरिएको थियो ।

प्रथम संगायनको एकसय वर्षपछि वैशालीमा राजा कालाशोकको संरक्षणमा रेवत महास्थविरको नेतृत्वमा ७०० जना अर्हत् भिक्षुहरूको समागम भइ विनय विपरीत उठेका विवाद समाधान गर्नको निम्ति आठ महिना लगाएर दोस्रो संगायन सम्पन्न गरियो ।

त्यसपछि सम्राट अशोकको पालामा अर्थात् भगवान् बुद्धको निर्वाण भएको २३६ वर्षपछि ईसा पूर्व २४८-७ मा मौगल्लिपुत्त तिस्स महास्थविरको नेतृत्वमा एक हजार भिक्षुहरूको समागमा नौ महिना लगाएर तेस्रो संगायन गरिएको थियो । यस संगायनमा मिथ्यामतको खण्डन गरी शुद्ध धर्मको स्वरूप संग्रह भएको कथावत्थुलाई अभिधम्मपिटक अन्तर्गत राखियो । त्यसबेला सम्ममा १८ वटा निकायमा विभक्त भएको मत भिन्नतालाई निराकरण गरी समीकरण गर्ने प्रयास भएको थियो ।

त्यस्तै भगवान् बुद्धको महापरिनिर्वाण भएको ४५४ वर्ष हुँदा अर्थात् २९ ईसा पूर्व लंकाद्वीपका राजा वट्टगामिनीको शासन कालमा पाँचसय जना अर्हत् भिक्षुहरूको समागममा चतुर्थ संगायन भएको थियो । यसभन्दा अघि सर्वप्रथम त्रिपिटक तालपत्रमा लिपिबद्ध गरिएको थियो । गुरु-शिष्य परम्पराअनुसार त्रिपिटक कण्ठस्थ गरी रक्षा गर्ने गर्दथ्यो । श्रीलंकामा दुर्भिक्ष हुँदा भिक्षान्नको अभावले गर्दा आचार्यहरूले बालुवाको थैली पेटमा राखेर भोक मेटाई शिष्यहरूलाई आवृति गराई त्रिपिटक रक्षा गरेको देखेर दीर्घकालसम्म संरक्षण



Downloaded from http://dhamma.digital

गर्नको निमित्त त्रिपिटक लिपिबद्ध गरियो । यो संगायन पुस्तिकारोपन संगीति नामले प्रसिद्ध भयो ।

त्यसपछि बु.सं. २४१५ अर्थात् इस्वी सन् १८७१ मा बर्माको मण्डले शहरमा राजा मिंडोमिंको संरक्षणमा २४०० स्थविरहरू भेला भई भद्दन्त जागर महास्थविरको सभापतित्वमा पञ्चम संगायन सम्पन्न भयो । सोही बेला त्रिपिटक शिलापत्रमा अंकित गरियो । यसैले उक्त संगायनलाई शिलाक्षरारोपन संगीति भनियो ।

बुद्ध सम्बत् २५०० मा अर्थात् सन् १९५६ मा बर्माको रंगूनस्थित कम्भाएको महापाषण गुफामा रेवत महास्थविरको सभापतित्वमा २५०० भिक्षुहरूको समागममा छट्ठम संगायन सम्पन्न भएको थियो । यसै संगायनमा नेत्तिप्पकरण, पतकोपदेस र मिलिन्द-प्रश्नलाई त्रिपिटकमा समावेश गरियो । यसै संगायनलाई आधार मानेर नालान्दा विश्वविद्यालयद्वारा देवनागरी लिपिमा पूरै त्रिपिटक ग्रन्थ प्रकाशित गरियो । यस अघिसम्म बुद्धधर्म अध्ययन गर्न श्रीलंका, वर्मा, थाईलैण्ड आदि मुलुकमा गई त्यहाँको लिपि र भाषा सिक्नु परेको थियो ।

परन्तु पालि त्रिपिटक ग्रन्थ नेपालमा पनि पहिले थियो भन्ने कुरा ओस्कर भि. हेनुवरको 'The Oldest Pali Manuscript (four folios of the Vinaya Pitaka from the National Achives, Kathmandu) भन्ने पुस्तक सन् १९९१ मा पश्चिमी देशबाट प्रकाशित भएपछि स्पष्ट भयो ।

नेपालको राष्ट्रिय अभिलेखालयमा थन्किराखेको पाण्डुलिपिको थुम्काबाट विनयपिटकको चार पाना पाण्डुलिपि भेटाइएको थियो जुन अहिलेसम्म भेटिएको पालि पाण्डुलिपिमध्ये सबभन्दा पुरानो हो । यो बौद्धिक जगतको लागि आश्चर्य र दिलचस्पीपूर्ण कुरा भयो ।



Downloaded from http://dhamma.digital

नेपालमा पहिलदेखि पालि त्रिपिटक भए तापनि वीचमा गर्भभित्र समाधिष्ठ भएको थियो भने पछि नेपालमा स्थविरवादको पुर्नस्थापना पछि पालि साहित्य फैलिंदै आयो । स्व. धर्मादित्य धर्माचार्यद्वारा सम्पादित बुद्धधर्म र नेपाल भाषा पत्रिकामा पालि भाषामा धम्मचक्कपब्बतनसुत्तको प्रकाशन भयो र बुद्ध संबत् २४८२ मा संघमहानायक प्रज्ञानन्द महास्थविरद्वारा नेपाल भाषामा अर्थ सहितको पालि परित्तसुत्त प्रकाशन गरियो । यसै क्रममा आचार्य भिक्षु अमृतानन्द महास्थविरद्वारा त्रिपिटकको आधारमा बुद्धकालीन ग्रन्थमाला नेपालीमा प्रकाशित भयो । यस्तै नेपालमा सर्वप्रथम दुण्डबहादुर वज्राचार्यद्वारा त्रिपिटकको मूल ग्रन्थ दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, इतिवुत्तक र मिलिन्द-प्रश्नका नेपाल भाषा अनुवादहरू प्रकाशन भयो । त्यस्तै सुत्तपिटकका बाकी ग्रन्थहरूको अनुवाद अरु विद्वानहरूको समूहबाट हुँदैछ जुन सन् २००० सम्ममा पूरा हुने आशा गर्न सकिन्छ ।

हालै मात्र पालि त्रिपिटक सुरक्षित थर्न थाईलैण्डको बुद्धमण्डप विहारमा सम्पूर्ण त्रिपिटक सेतो मार्बलमा कुँदेर १९९९ जनवरी १८, मा संघराजा र थाई युवराजका समुस्थितिमा भव्य समारोहका बीच प्रतिष्ठापन गरियो । यसरी त्रिपिटक शुद्ध र स्वच्छ रूपमा अहिलेसम्म भइआएको हामीहरूको लागि सौभाग्यको कुरो हो ।

**त्रिपिटक विभाजन** :– त्रिपिटकलाई सुत्त, विनय र अभिधम्ममा विभाजन गरिएको छ –



Downloaded from http://dhamma.digital

# त्रिपिटक

## सुत्तपिटक

१. दीघनिकाय*
२. मज्झिमनिकाय*
३. संयुत्तनिकाय*
४. अङ्गुत्तरनिकाय
५. खुद्दकनिकाय✤
    १) खुद्दकपाठ
    २) धम्मपद
    ३) उदान
    ४) इतिवुत्तक*
    ५) सुत्तनिपात
    ६) विमानवत्थु
    ७) पेतवत्थु
    ८) थेरगाथा
    ९) थेरीगाथा
    १०) जातक
    ११) निद्देस
        क. महानिद्देस
        ख. चुल्लनिद्देस
    १२) पटिसम्भिदामग्ग
    १३) अपदान
    १४) बुद्धवंस
    १५) चरियापिटक

## विनयपिटक

१. पाराजिकापालि
२. पाचित्तियपालि
३. महावग्गपालि
४. चुल्लवग्गपालि
५. परिवारपालि

## अभिधम्मपिटक

१. धम्मसङ्गणिपालि
२. विभङ्गपालि
३. धातुकथापालि
४. पुग्गलपञ्ञत्ति
५. कथावत्थुपालि
६. यमकपालि
७. पट्ठानपालि

Dhamma.Digital

---

* अनुवादक दुण्डबहादुरद्वारा नेपाल भाषामा प्रकाशित ग्रन्थहरू ।

✤ म्यानमार (बर्मा) मा भएको छैठौं संगायनमा (१) नेत्ति, (२) पेटकोपदेश र (३) मिलिन्द-प्रश्न – यी तीन ग्रन्थहरूलाई खुद्दकनिकायअन्तर्गत समावेश गरिएको छ ।



Downloaded from http://dhamma.digital

# परिचयः

# सुत्तपिटक

त्रिपिटकमा संगृहीत बुद्धवचनलाई बुद्धकालमा धर्म र विनय भनिन्थ्यो । भगवान् बुद्धले जुन सुत्त र अभिधम्मको उपदेश दिनुभएको छ त्यसलाई धर्म भनिन्छ भने विनयसम्बन्धी उपदेशलाई विनय भनिन्छ । यसरी सुत्त, विनय र अभिधम्म पिटकमध्ये भगवान् बुद्धले सर्वसाधारणले बुझ्ने गरी व्यवहारिक रूपले देशना गर्नु भएको उपदेश सुत्तपिटकमा संगृहीत छ । सुत्तपिटकअन्तर्गत पाँचवटा निकायहरू माथिको तालिकामा देखाइएका छन् ।

## १. दीघनिकाय

सुत्तपिटकको पहिलो निकाय दीघनिकायमा चौतीसवटा लामालामा सूत्रहरू संगृहीत छन् । यी सूत्रहरू तीन वर्गमा विभाजित छ । ती हुन् (१) शीलस्कन्ध-वर्ग – जसमा १३ वटा सूत्र (२) महावर्ग – जसमा १० वटा सूत्र र (३) पाथिक-वर्ग – ११ वटा सूत्रहरू छन् ।

उदाहरणको लागि शीलस्कन्ध-वर्गको पहिलो सूत्र ब्रह्मजाल-सुत्तमा बुद्धकालीन ६२ प्रकारका विभिन्न दृष्टिजाल तथा धर्मजालबारे विस्तृत विवरण छ । महासीहनाद-सुत्त र उदुम्बरिक-सुत्तले मिथ्या तपस्यालाई दर्शाएको छ । कूटदन्त-सुत्तले यज्ञमा पशुवलि दिनुको निरर्थकता दर्शाउँछ भने केवट्ट-सुत्तले चमत्कार प्रदर्शनको निःसारता देखाउँछ । त्यस्तै जालिय-सुत्त र पोट्ठपाद-सुत्तमा आत्मवादको समीक्षा गरिनाको साथै निर्वाण मार्गका लागि निसार भएको कुरो उल्लेख छ । मानिसको श्रेष्टता आचरणमा निर्भर रहने तथ्य एवं जन्मजात जातिवादको आलोचनालाई अम्बट्ठ-सुत्त, सोणदण्ड-सुत्तले छर्लङ्ग पारेका छन् ।



Downloaded from http://dhamma.digital

महा-वर्गको महापदान-सुत्तमा शाक्यमुनि बुद्धभन्दा अघिका पाँचजना बुद्धहरूको वर्णन छन् भने महानिदान-सुत्तमा प्रतीत्यसमुत्पादको विश्लेषण गरिएको छ । त्यस्तै अर्को सूत्र महापरिनिब्बाण-सुत्तमा बुद्धको अन्तिम यात्राबारे सजीव, सरस र करुण वर्णन छ । यसै गरी सतिपट्ठान-सुत्तमा चार प्रकारका सतिपट्ठान ध्यान सम्बन्धी उपदेशहरू छन् । पायासिराजञ्ञ-सुत्तमा परलोकदिग्दर्शनसम्बन्धी वर्णन छ ।

पाथिक-वर्गको लक्खण-सुत्तमा ३२ प्रकारका बत्तीस महापुरुष लक्षण सम्बन्धी वर्णन पाइन्छ । सिंगाल-सुत्तमा गृहीविनय-सम्बन्धी उपदेशहरू संगृहीत छन् ।

दीघनिकाय बुद्धकालीन भूगोल र इतिहास, समाज र संस्कार, धर्म र दर्शनको संश्लेषणात्मक र विश्लेषणात्मक अध्ययन गर्न, शील, समाधि प्रज्ञा अवबोध गर्न, निर्वाण साक्षात्कार गर्नको निमित्त अमूल्य ग्रन्थरत्न हो ।

## २. मज्झिमनिकाय

मज्झिमनिकाय दीघनिकायभन्दा छोटो र खुद्दकनिकायभन्दा लामो अर्थात् मध्यम खालका १५२ सूत्रहरूको संग्रह हो । ती सूत्रहरू मूल पण्णासक, मज्झिम पण्णासक र उपरिपण्णासक गरी तीन खण्ड १५ वर्गमा विभाजित छन् ।

मज्झिमनिकायमा भगवान् बुद्धको जन्म, महाभिनिष्क्रमण, तपस्या, बुद्धत्व प्राप्ति, धर्मचक्र प्रवर्तनका मूल प्रमाणिक स्रोतहरू छन् । यसमा झ्वाट्ट बुझ्न गाह्रो अनात्मवाद र अनाशक्तिवाद, चित्तमल नाश गर्ने संवरका उपदेश, धर्मको अंश दायाद लिने अर्ती, शीलपालनबाट आफू पतन नभएमात्र अरुलाई उत्थान गर्न सक्ने यथार्थता, चार स्मृतिप्रस्थानको प्रत्यवेक्षणको महत्व, असत्यवादी श्रमणत्व घोप्टिएको रितो पानीको भाँडोजस्तो स्थिति, भूत र



Downloaded from http://dhamma.digital

भविष्यभन्दा महत्वपूर्ण स्थिति वर्तमान हो भन्ने उपदेशहरू छन् । साथै यसमा आर्यसत्य, अष्टाङ्गमार्ग, ध्यान र निर्वाण विषयको स्पष्ट व्याख्या भेटिन्छ ।

विद्वान्हरूको भनाईअनुसार ... सारा त्रिपिटक र बौद्ध साहित्य नष्ट भएर गए पनि केवल मज्झिमनिकाय एउटालाई बचाउन सकेमा पनि यी ग्रन्थको सहायताबाट बुद्धको व्यक्तित्व, वहाँको दर्शन र अन्य शिक्षाको तत्वलाई बुझ्न गाह्रो हुँदैन ।

## ३. संयुत्तनिकाय

संयुत्तनिकाय त्रिपिटकको तेस्रो महत्वपूर्ण निकाय हो । यसमा लामो, मध्यम र छोटो सबै प्रकारका सूत्रहरू संगृहीत भएको हुनाले यसलाई 'संयुत्तनिकाय' भनिएको हो । परम्पराअनुसार यसमा ७७६२ सूत्रहरू छन् जसलाई ५६ संयुत्तमा संगृहीत गरिएको छ । संयुत्तनिकाय पाँच भागमा वर्गीकरण गरिएअनुसार सगाथा-वर्ग, निदान-वर्ग, खन्ध-वर्ग, सलायतन-वर्ग र महा-वर्ग गरी पाँच खण्डमा विभाजित छन् । सगाथा-वर्गका सूत्रहरू गाथाका रूपमा छन् । निदान-वर्गमा प्रतीत्यसमुत्पादको वर्णन, खन्ध-वर्गमा पञ्चस्कन्धको व्याख्या, सलायतन-वर्गमा आयतनका विवेचना र महा-वर्गमा धर्मसम्बन्धी विभिन्न तत्व र ध्यान भावना सम्बन्धी सूत्रहरू छन् ।

संयुत्तनिकायमा बुद्धको महामानवीय विशेषता तथा तथागतको प्रज्ञा र महाकरुणाको विशिष्टता आप्लावित छन् । सारिपुत्र महास्थविरको परिनिर्वाण अवस्थामा भगवान् बुद्धको संवेजन-शब्द अनि अत्तदीप, अत्तसरण उपदेश प्रसंग उल्लेखनीय छ । बुद्धले बताउनुभएका आर्यअष्टांगिक मार्ग, प्रतीत्यसमुत्पाद र विपश्यनादि उपदेशहरू अनेक उपमा शब्द र शैलीमा व्यक्त गरिराखेका छन् । यसमा धर्मसेनापति भिक्षु सारिपुत्रको एकान्त सौमनस्य ध्यानमा इन्द्रिय संयम, भिक्षु महामौद्गल्यायनको



Downloaded from http://dhamma.digital

आर्यमौन, भिक्षु महाकाश्यपको सन्तुष्टवृत्ति, भिक्षु अनुरुद्धको योग अनुभूति, भिक्षु वंगीशको कामवासनाको दुश्परिणाम पर्यवेक्षणा, अंधवनमा रूप वेदनादिका अनित्य, दुःख र अनात्मको साक्षात्कार गर्न हुने राहुलको अर्हत्वको पुण्य प्रसंग, त्यस्तै गौतमी, उत्पलवर्णा र वजिरादि श्राविकाहरूको बुद्धशासनमा प्रवेशदेखि मार-विजयका कीर्ति कथा आदि छन् ।

## ४. अंगुत्तरनिकाय

अंगुत्तरनिकाय सुत्तपिटकको चौथो महत्वपूर्ण ग्रन्थ हो । यसमा परम्परागत रूपमा ९५५७ सूत्रहरू छन् र यसलाई १६९ वर्गमा विभाजन गरिएको छ । यी सूत्रहरूमा वर्णन गरिएको विषय संख्या क्रमअनुसार एकक्कदेखि लिएर एकादशक निपातसम्म छन् । यसरी क्रमसंख्या अङ्गणेत्तर रूपमा राखिएको हुनाले यसलाई अंगुत्तरनिकाय भनिएको हो ।

एकनिपातको एउटा सूत्रमा उदाहरणको लागि – "भिक्षु हो ! मैले त्यस्तो कुनै रूप देखेको छैन जसले पुरुषको चित्तलाई वशमा राख्दछ – त्यो हो स्त्रीको रूप । भिक्षु हो ! स्त्रीका रूपले पुरुषको चित्तलाई वशमा राख्दछ ।" ··· त्यस्तै पुरुषको रूपले स्त्रीको चित्तलाई वशमा राख्दछ । त्यस्तै तिक निपातमा तीन मद – यौवन मद, आरोग्य मद, जीवन मद । चतुक निपातमा चतुआर्यसत्य, चार सामान्य फलजस्तो संख्यामा चारचार भएका उपदेश संगृहीत छन् । त्यस्तै अट्ठक निपातमा आर्यअष्टांगिक मार्ग, आठ आरण्य वस्तु, आठ अभिभू आयतन, आठ विमोक्षजस्तो संख्यामा आठआठ प्रकारका आठआठ अंग भएका बुद्धका उपदेशहरू संगृहीत छन् । त्यस्तै एकादसक निपातमा निर्वाण लाभको एघार उपायजस्ता अंग र संख्यामा एघारएघार तत्व भएका उपदेशहरू संकलित छन् ।

अंगुत्तरनिकायको तिक निपातमा आएको कालामसूत्रमा भगवान् बुद्धले दिनुभएको बौद्धिक स्वतन्त्रता उपदेशहरू छन् ।



Downloaded from http://dhamma.digital

जसमा स्वतन्त्र चिन्तन मानसिक पराधीनताबाट छुटकारा हुने मार्ग देखाइएको छ ।

*"कालाम हो ! तिमीहरूले कुनै कुरा केवल परम्परादेखि, सुन्दै, चल्दै, पालन गर्दै आएको छ भन्दैमा त्यसलाई नमान, हाम्रो धर्मग्रन्थ अनुकूल छ भन्दैमा पनि नमान, तर्कसम्मत छ भन्दैमा पनि नमान, न्याय (शास्त्र) सित मिल्छ भन्दैमा पनि नमान, कुरो राम्रो छ भन्दैमा पनि नमान, हाम्रो मत अनुकूल छ भन्दैमा पनि नमान अथवा उपदेशक व्यक्तिको व्यक्तित्व आकर्षक छ भन्दैमा पनि नमान, न त उपदेशक व्यक्ति हाम्रा पूज्य गुरु श्रमण हुन् भन्दैमा नै मान्नु पर्छ । ... "*

## ५. खुद्दकनिकाय

खुद्दकनिकाय सुत्तपिटकका पाँचौं निकाय हो । यसमा पन्ध्रवटा स-साना ग्रन्थहरू छन् । ती हुन् – खुद्दकपाठ, धम्मपद, उदान इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु पेतवत्थु, थेरगाथा थेरीगाथा, जातक, निद्देश, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक ।

१. **खुद्दकपाठ** – खुद्दकपाठमा तिसरण दससिक्खापद द्वतिंसाकार, कुमारपञ्ह, मंगलसुत्त, रत्नसुत्त, तिरोकुड्डसुत्त, निधिकण्डसुत्त, मेत्तसुत्त गरी नौवटा सूत्रहरू छन् ।

२. **धम्मपद** – विश्वमा यो अत्यन्त लोकप्रिय एवं सर्वाधिक भाषामा अनूदित ग्रन्थ हो । धम्मपदमा २६ वर्ग र चारसय तेइसवटा गाथाहरू छन् । धम्मपद त्रिपिटकको सुत्तपिटकअन्तर्गत खुद्दक निकायमा पर्ने १५ वटा साना ग्रन्थहरूमध्ये एउटा सानो ग्रन्थ भए पनि अत्यन्त महत्वपूर्ण छ । धम्मपदको प्रत्येक गाथा सरल एवं मर्मस्पर्शी छ । यसमा भगवान् बुद्धले बुद्धत्व प्राप्तिको समयदेखि



Downloaded from http://dhamma.digital

महापरिनिर्वाणपर्यन्त समय समयमा व्यक्त गर्नुभएका उपदेशहरू गाथाको रूपमा छन् ।

३. **उदान** – भगवान् बुद्धले समय समयमा व्यक्त गर्नुभएका प्रीति वाक्य, उद्‌गारसम्बन्धी उपदेशहरूको संग्रह नै उदान हो । यसमा आठ वर्ग छन् र प्रत्येक वर्गमा प्रायः दशवटा सूत्रहरू छन् ।

४. **इतिवुत्तक** – इतिवुत्तकको शाब्दिक अर्थ हो 'यसरी भन्नुभएको छ' इतिवुत्तकमा चार निपातहरू छन् जुन अंगुत्तरनिकायमा जस्तै संख्यात्मक क्रमअनुसार सूत्रहरू समावेश गरिएका छन् । उदाहरणको लागि पहिलो परिच्छेदमा छ – "एउटा धर्म (सत्यवाचा) लाई छोडेर झूटो बोल्नेले र परलोकको विश्वास नगर्नेले यो लोकमा गर्न नसक्ने कुनै पाप छैन ।"

५. **सुत्तनिपात** – सुत्तनिपात भाषा, छन्दको दृष्टिबाट सर्वाधिक प्राचीन शैलीमा बुद्धजीवनीका प्रसंगहरू पाइने ग्रन्थ हो । अशोकको अभिलेखमा भएका प्रसंगहरू यी ग्रन्थबाट उद्‌धृत गरेको तथ्यबाट यसको महत्व कति छ भन्ने कुरा छर्लङ्ग हुन्छ । सुत्तनिपातमा पाँच वर्ग र ७२ वटा सूत्रहरू छन् ।

६. **विमानवत्थु** – विमानवत्थु सात वर्ग र पचपन्नवटा विमानकथा छन् । विशेषतः यसमा दान, शील आदि पालन गरी मृत्यु पश्चात् स्वर्गगति प्राप्त गर्ने व्यक्तिहरूको उल्लेख छ ।

७. **पेतवत्थु** – पेतवत्थु चार वर्गमा ५० वटा प्रेतहरूको कथा छन् । जसमा दुष्कृत्यको फलले प्रेत भएका र त्यसबाट मुक्त हुने उपायहरू समेत देखाइएका छन् ।

८. **थेरगाथा** – यसमा अर्हत् भिक्षुहरूद्वारा स्वस्फूर्तित अनुभवहरू व्यक्त गरिएका गाथाहरूको संग्रह छ । यसमा २१



Downloaded from http://dhamma.digital

निपातमा विभक्त २४६ जना थेरहरूको १२८३ गाथाहरू संगृहित छन् ।

९. **थेरीगाथा** – यसमा अर्हत् थेरीहरूद्वारा आ-आफूद्वारा अर्हत्वको प्राप्तिपश्चात् आ-आफ्ना कुरा अनुभव आदि व्यक्त गरेका गाथाहरूको संकलन पाइन्छ । यसमा १६ निपातमा विभाजित ७३ जना थेरीहरूको ५२७ वटा गाथाहरू छन् ।

१०. **जातक** – जातकमा भगवान् बुद्धको पूर्वजन्मसम्बन्धी ५४७ कथाहरू उपलब्ध भएपनि त्रिपिटकमा केवल गाथाहरू मात्र संगृहीत भएको देखिन्छ ।

११. **निद्देस** – निद्देसको अर्थ हो व्याख्या । निद्देसमा सुत्तनिपातको खग्गविसाण-सुत्त र परायणवग्गको बारे व्याख्यान गरिएको पाइन्छ ।

१२. **पटिसम्भिदामग्ग** – यसमा तीन वर्ग छन् र प्रत्येक वर्गमा १० परिच्छेद छन् । प्रतिसम्भिदा ज्ञान प्रभेदको अर्थमा प्रयुक्त छ । यो पटिसम्भिदामग्ग अर्थ, धर्म, निरुक्ति र प्रतिभान यी चार प्रतिसम्भिदाहरूमा दक्षता प्राप्त गर्नका लागि तथा संसारका सारा दु:खबाट मुक्तिमार्ग प्राप्त गर्नका लागि अध्ययन गर्नुपर्ने ग्रन्थ हो ।

१३. **अपदान** – अपदान शब्दको अर्थ हो जीवन-चरित्र । बुद्धापदान, पच्चेकबुद्धापदान, थेरापदान र थेरीअपदान गरी चार भागमा विभाजित ७६१९ गाथाहरू यसमा संगृहीत छन् ।

१४. **बुद्धवंस** – बुद्धका परम्परागत इतिहास भएको बुद्धवंशमा दुइवटा परिच्छेदहरू छन् – बुद्ध पकीर्णक काण्ड र धातु-भाजनीय कथा । बुद्ध प्रकीर्णक काण्डमा अतीत बुद्धहरू दीपंकर बुद्धदेखि काश्यप बुद्धसम्म जम्मा २४ जना बुद्धहरूका बारे वर्णन भेटिन्छ भने धातुभाजनीय कथामा कुशीनगरमा भगवान् बुद्धको



Downloaded from http://dhamma.digital

महापरिनिर्वाणपछि धातुविभाजन र प्रतिष्ठान भएको बारेमा विस्तृत वर्णन दिइएको छ।

**१५. चरियापिटक** – यसमा भगवान्‌ले बुद्ध हुनुभन्दा अगाडि बोधिसत्त्व छँदा दान, शील, नैष्क्रम्य, अधिष्ठान, सत्य, मैत्री, उपेक्षादि पारमिता पूर्ण गर्नका निमित्त आफ्ना जीवन समेत उत्सर्ग गरेका विवरणहरू पाइन्छन्।

# विनयपिटक

विनयपिटक भिक्षु, भिक्षुणी संघका निर्दिष्ट नियमको संग्रह हो। ऐतिहासिक दृष्टिकोणले यसमा संघका क्रमिक विकास सम्बन्धी ऐतिहासिक वृतान्तहरू छन्। यसमा संघ व्यवस्था, संघको विधान, उपसम्पदा विधि, देशना विषय, वर्षावाष, भोजन, वस्त्र, औषधि सम्बन्धी नियम, संघ सञ्चालन प्रकृया आदिको विवरणहरू छन्। विनयलाई बुद्धशासनको आयु भनिएको छ।

विनयपिटक तीन भागमा विभाजित छ – १. सुत्त विभङ्ग, २. खन्धक र ३. परिवार।

सुत्तविभङ्गमा पाराजिका र पाचित्तिय दुई भाग छन् भने खन्धकमा पनि महावग्ग र चुल्लवग्ग दुई भाग छन्।

यसरी विनयपिटकका पाँच अंगहरू हुन् – १. पाराजिका २. पाचितिय ३. महावग्ग ४. चुल्लवग्ग र ५. परिवार।

पाराजिका र पाचितियमा भिक्षु विभङ्ग र भिक्षुणी विभङ्ग पाइन्छन्। यसको मूल सार नै भिक्षु-प्रातिमोक्ष र भिक्षुणी-प्रातिमोक्ष



Downloaded from http://dhamma.digital

हुन् । भिक्षु-प्रातिमोक्षमा भिक्षुहरूद्वारा पालन गर्नुपर्ने २२७ नियमहरू छन् भने भिक्षुणी-प्रातिमोक्षमा भिक्षुणीहरूद्वारा पालन गर्नु पर्ने ३११ वटा नियमहरूको विस्तृत वर्णन पाइन्छ ।

महावग्गमा भगवान् बुद्धको जीवनी, व्यस्तै प्रव्रज्या, उपोसथ, वर्षावास, पवारणासम्बन्धी महत्वपूर्ण शिक्षाहरू छन् । महावग्गमा दशवटा खन्धहरू छन् ।

चुल्लवग्गमा संघभेद, दोश्रो संगायन भएको बेलाको ऐतिहासिक वर्णन, विनय शिक्षापदको क्रमिक विकाससम्बन्धी वर्णन छन् । चुल्लवग्गमा स-साना नियम, विधानको कुराहरू आउँदछन् । यसमा १२ वटा खन्धहरू छन् ।

परिवारमा सुत्त विभङ्ग र खन्धमा आएका शिक्षापदसम्बन्धी प्रश्नोत्तरहरू छन् । यसमा २१ वटा परिच्छेदहरू छन् ।

# अभिधम्म पिटक

अभिधर्मपिटक त्रिपिटकको तेस्रो पिटक हो । अभिधर्म भगवान् बुद्धले देशना गर्नुभएका दार्शनिक उपदेशहरूको संग्रह हो । अभिधर्म सुत्तपिटकभन्दा पनि गम्भीर र विशिष्ट ग्रन्थ हो । अभिधर्ममा भगवान् बुद्धका उपदेशहरूको वर्गीकरण र विश्लेषण तात्विक एवं मनोवैज्ञानिक तवरले गरिएका व्याख्याहरू छन् । अभिधर्म पिटकमा सात प्रकरणहरू छन् – १. धम्मसङ्गणी २. विभङ्ग, ३. धातुकथा ४. पुग्गलपञ्ञति ५. कथावत्थु ६. यमक र ७. पट्ठान ।

१. **धम्मसङ्गणी** – यो अभिधर्मपिटकको एक महत्वपूर्ण ग्रन्थ हो । यसमा समस्त धर्मलाई कुशल, अकुशल र अव्याकृत ३ भागमा



Downloaded from http://dhamma.digital

विभाजन गरी मनोवैज्ञानिक ढङ्गले व्याख्या गरिएको छ। साथै सम्पूर्ण धर्मलाई १२२ मातिकामा विभाजन गरिएको छ । यस ग्रन्थमा चित्तकाण्ड, रूपकाण्ड, निक्खेपकाण्ड र अत्थुद्धारकाण्ड गरी ४ भागमा विभाजित छन् ।

२. **विभङ्ग** – यो शब्दको अर्थ हो – अलग्ग अलग्ग छुट्याएर विभाजन गर्नु । यसमा १८ वटा विभङ्गहरू छन् । ती हुन् – खन्ध, आयतन, धातु, सच्च, इन्द्रिय, पञ्चयाकार, सतिपट्ठान, सम्मपधान, इद्धिपात, बोज्झङ्ग, मग्ग, झान, अप्पमञ्ञा, सिक्खापद, पटिसम्भिदा, ञाण, खुद्दक र धम्महदय ।

३. **धातुकथा** – यसमा खन्ध, आयतन, धातु आदि १८ वटा विभङ्गलाई पाँच मातिकामा विभाजन गरी सम्पयोग, विप्पयोग, संग्रह-असंग्रहको गरी सूक्ष्म व्याख्या गरिएको छ ।

४. **पुग्गलपञ्ञत्ति** – यसमा संसारमा भएका व्यक्तिहरूको अनेक प्रकारले वर्गीकरण पाइन्छ । यसमा एकविध पुद्गल प्रज्ञप्तिदेखि दशविध पुद्गल प्रज्ञप्तिको संग्रहको व्याख्यान छ ।

५. **कथावत्थु** – यसमा तृतीय संगायन भएको बेलामा सम्राट् अशोकका गुरु मौग्गलीतिस्स महास्थविरद्वारा व्याख्यान गरिएका उपदेशहरूको संग्रह छन् । यसमा अशोककालीन समयसम्म १८ वटा सम्प्रदायमा विभक्त बौद्ध सम्प्रदायको मतभिन्नतालाई निराकरण गरी विभज्जवादीको रूपमा निर्णित समीकरण दिइएको छ । यस ग्रन्थमा ५०० वटा आफ्ना मत र ५०० वटा परमतका गरी जम्मा १००० सूत्रहरू संकलित छन् ।

६. **यमक** – यमकको अर्थ युगल हो । यमकलाई अभिधर्मको शब्दकोष पनि भनिन्छ । यसमा प्रश्नोत्तरको रूपमा धर्मलाई प्रस्तुत गरिराखेको छ ।



Downloaded from http://dhamma.digital

**७. पट्ठान** – यो पट्ठान अभिधर्म पिटकको ग्रन्थहरूमध्ये गम्भीर एवं विशाल ग्रन्थ हो । यसमा प्रतीत्यसमुत्पादको व्याख्यान भएझै २४ वटा प्रत्ययको विस्तृत व्याख्यान पनि पाइन्छ । २४ वटा प्रत्ययहरू हुन् – हेतुपच्चय, आरम्मणपच्चय, अधिपति पच्चय, अनन्तरपच्चय, समन्तरपच्चय, सहजातपच्चय, अञ्ञमञ्ञपच्चय, निस्सयपच्चय, उपनिस्सयपच्चय, पुरेजातपच्चय, पच्छाजातपच्चय, आसेवनपच्चय, कम्मपच्चय, विपाकपच्चय, आहारपच्चय, इन्द्रियपच्चय, झानपच्चय, मग्गपच्चय, सम्पयुत्तपच्चय, विप्पयुत्तपच्चय अत्थिपच्चय, नत्थिपच्चय, विगतपच्चय, अविगतपच्चय ।

यी ७ वटा ग्रन्थहरूमा यद्यपि अनेक गम्भीर दार्शनिक तत्वहरूको विवेचना गरिराखेको भए तापनि संक्षिप्तमा चित्त, चेतसिक, रूप र निर्वाण यी ४ वटा परमार्थ धर्महरू नै मुख्य हुन् ।

## त्रिपिटक ग्रन्थ प्रकाशन

पालि तिपिटक विभिन्न लिपिमा जस्तै – सिंहली, म्रम (बर्मेली), थाई, कम्बोजी, रोमन तथा देवनागरी आदिमा उपलब्ध छन् । देवनागरी लिपिमा त्रिपिटक प्रकाशन सबभन्दा पहिले भारतको नालन्दाबाट गरिएको थियो । श्रीलंका, बर्मा, थाईलैण्ड, कम्बोडिया, बेलायत, भारतमा आ-आफ्नो भाषामा त्रिपिटकको अनुवाद भइसकेका छन् । पालि टेक्स सोसाइटीले १०० वर्ष पहिल्यै त्रिपिटकको अंग्रेजी अनुवाद विश्वमा प्रचार गरि सकेको छ ।

नालन्दा महाविहारबाट प्रकाशित पालि त्रिपिटकका पुस्तकहरू यस प्रकारका छन् – दीघनिकाय ३ भागमा,



Downloaded from http://dhamma.digital

मज्झिमनिकाय ३ भागमा, संयुत्तनिकाय ४ भागमा, अंगुत्तरनिकाय ४ भागमा, खुद्दकनिकाय ९ भागमा, विनयपिटक ५ भागमा, अभिधम्म पिटक १३ भागमा गरी जम्मा ४१ वटा ग्रन्थहरू छ। हालै विपश्यना विशोधन विन्यास इगतपुरीबाट बर्मामा भएको छट्ठम संगायनको आधारमा पालि त्रिपिटक, अट्ठकथा, टीका अनुटीका देवनागरी लिपिमा सम्पादित करिव १४० वटा ग्रन्थहरूमा प्रकाशन हुँदै गरेको कार्य प्रशंसनीय छ । यहि संस्थाद्वारा सारा तिपिटक कम्प्युटराइज गरिएको CD-ROM मा देवनारी, रोमन, बर्मी आदि लिपिमा प्रकाशन भएपछि त्रिपिटक सारा सूचना पाउन सजिलो हुने भएको छ । साथै थाइलैण्डको महामुकुट विश्व विद्यालयबाट बु.सं. २५२५ मा प्रकाशित त्रिपिटकलाई आधार मानी बु.सं. २५३१-३२ मा कम्प्यूटराईज गरिएको Bud Sir (Buddhist Scripture Information Retreval) निकालेबाट त्रिपिटकसम्बन्धी सूचना तुरुन्तातुरुन्तै पाउन झनै सजिलो भएको छ।

त्रिपिटक ग्रन्थमध्ये सुत्तपिटकका ग्रन्थहरू नेपालमा पनि प्रकाशित हुँदै आएको छ । दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय, खुद्दकनिकाय अन्तर्गतको इतिवुत्तक र त्रिपिटकेतर ग्रन्थ मिलिन्द-प्रश्नको अनुवाद र प्रकाशन श्री दुण्डबहादुर वज्राचार्यबाट नेपाल भाषामा भएका छन् । आज वहाँबाटै नेपाली भाषामा पनि दीघनिकाय अनुवाद र प्रकाशन हुँदैछ। यो हाम्रो लागि खुशीको कुरो हो । यसरी वहाँबाट एक चौथाइभन्दा बढी त्रिपिटकहरूका ग्रन्थहरू अनुवाद भएका छन् । यस्तो महत्वपूर्ण त्रिपिटकको प्रथम ग्रन्थ 'दीघनिकाय' बुद्धको जन्मभूमिमा निस्कनु नेपालकै इतिहासमा 'दीघनिकाय' जस्ता अंग्रेजी अनुवाद भएको झण्डै एक सय वर्षपछि पहिलोपल्ट बल्ल आज नेपालीमा निस्कनु ढिल्लै भए पनि अपार पुण्यको कामको थालनी अनुवादकबाट भएकोमा नेपाली मात्रको लागि गौरवको कुरा मान्नु पर्दछ । आवश्यकता बरू यसैको छ कि यस्ता ग्रन्थहरू एकपछि अर्को नेपालीमा निकाल्नु तपाई, हामी



Downloaded from http://dhamma.digital

सबैबाट आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग हुनु पर्छ। सक्नेले जति सक्यो उति यस्तो धार्मिक ग्रन्थ किनेर, निःशुल्क वितरण गरेर, प्रचार-प्रसार गरेर अथवा स्वयं आफ्नै तर्फबाट प्रकाशन गरेर यस्तो पवित्र कार्यमा सहभागी बन्नेमा यस्तो पुण्य कार्य अवश्य प्रशंसनीय हुने नै छ।

अंगुत्तरनिकाय नेपाल भाषामा श्री धर्मरत्न शाक्यबाट अनुवाद भइसकेको छ – जुन प्रकाशनको प्रतीक्षामा रहेको छ। उनीबाटै अनुवाद भएको खुद्दकनिकाय अन्तर्गतको खुद्दकपाठ, उदान, सुत्तनिपात, चरियापिटकको नेपाल भाषामा प्रकाशित भइसकेको छ र उदानको नेपाली भाषामा पनि प्रकाशन भइसकेको छ।

**धम्मपद** आचार्य अमृतानन्द महास्थविरबाट नेपाल भाषा र नेपाली भाषामा अनुवाद र प्रकाशन उहिल्यै भएका थिए भने तामाङ्ग र थारु भाषामा पनि हालै प्रकाशित भइसकेका छन्।

**थेरगाथा** – भिक्षु बोधिसेनबाट नेपाली भाषामा दुई भागमा अनूदित र प्रकाशित भइसकेको छ।

**थेरीगाथा** – अनागारिका चन्द्रशीलाबाट नेपाल भाषामा अनूदित र प्रकाशित समेत भइसकेको छ।

**जातक** – आचार्य अमृतानन्दज्यूबाट चार भागमा जातक अट्ठकथासहित नेपाली भाषामा अनुवाद उहिल्यै प्रकाशन गरिएका थिए भने जातकको पूरा अनुवाद भएको छैन्।

**बुद्धवंस** – श्री भुवनलाल प्रधानबाट अनुवाद भइसकेको तर प्रकाशनको प्रतीक्षामा रहेको छ।

विमान वत्थु, पेतवत्थु, निद्देस, पटिसम्भिदामग्ग, अपदानको अनुवाद नेपाल भाषामा हुँदैछ।



Downloaded from http://dhamma.digital

अब केही समयपछि सुत्तपिटकअन्तर्गतका सम्पूर्ण ग्रन्थहरू छिट्टै नै नेपाल भाषामा अध्ययन गर्न पाइने भएको छ। यो कम खुशीको कुरो होइन । बुद्धको जन्मभूमिमा बुद्धको उपदेशबाट भरमग्दुर लाभ उठाउन हामी नेपाली पछाडि पर्नु भएन। अत: हामी सबै मिली त्रिपिटकको अध्ययन, अध्यापन संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा अघि बढ्न सकौं भनी कामनासहित 'त्रिपिटक : एक चिनारी' यहीं टुँग्याउँछु।

चिरंतिट्ठतु सद्धम्मो ॥



Downloaded from http://dhamma.digital

## बुद्धधर्म अध्ययन अध्यापनका साधनहरू

त्रिपिटक ग्रन्थका अनुभवी अनुवादक श्री दुण्डबहादुर बज्राचार्यका अथक परिश्रमको फलस्वरूप दीघनिकाय नेपालीमा प्रकाशित हुन अब केवल दुई महिना जति लाग्ने अनुमान गरिएको छ । स्मरणीय छ, श्री वज्राचार्यद्वारा नेपाल भाषामा दीघनिकाय, मज्झिमनिकाय, संयुत्तनिकाय र खुद्दकनिकायका इतिवुत्तक तथा त्रिपिटककेतर ग्रन्थ मिलिन्द-प्रश्न आदि ग्रन्थहरूको प्रकाशनले गर्दा बुद्धधर्म अध्ययन गर्न चाहनेहरूको लागि विपुल साधन उपलब्ध भएको छ ।

बुद्धधर्मको मूल एवं प्रामाणिक ग्रन्थ भन्नु नै त्रिपिटक ग्रन्थ हुन् । त्रिपिटकको तीन पिटक – सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटकमा सुत्तपिटक पहिलो भए जस्तै दीघनिकाय नै सुत्तपिटकको पहिलो निकाय ग्रन्थ हुन् ।

**धर्मकीर्ति वर्ष १७, अंक ८**

... यसै सन्दर्भमा त्रिपिटकका पाली ग्रन्थहरूको नेपाल भाषा र नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्ने कार्य पनि हुँदै आएको छ । ...

**सम्पादकीय/गोरखापत्र मंसिर ७, २०५६**

... त्यस्तै त्रिपिटकको मज्झिमनिकाय र दीघनिकायको पालिबाट नेपाली तथा नेपाल भाषामा दुण्डबहादुर वज्राचार्यले भाषान्तर गरिसक्नुभएको छ । ...

**– केदार शाक्य**

**विचार र विवेचना/गोरखापत्र मंसिर १०, २०५६**

Downloaded from http://dhamma.digital